देवघाट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दर्ता नं. :- ९३८
मिति २०७५।०५।१५

नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

## आवास, बस्ती विकास तथा स्थानीय पूर्वाधार महाशाखा

सिंहदरवार, काठमाडौं
फोन: ०१–४२११५३५

प.स. २०७५/०७६
च.नं. ०८

मिति: २०७५।०४।३०

श्री भूकम्प प्रभावित ३२ जिल्लाहरुका स्थानीय तह – सबै ।

विषय : परिपत्र ।

उपरोक्त सम्बन्धमा "भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि (पहिलो संसोधन), २०७३" को अनुसूची - १ को बुँदा नं (१२) मा सार्वजनिक जग्गाको सरकारी र वन क्षेत्रको जग्गा बाहेक विभिन्न किसिमका गुठी, विर्ता र गुठी अधिनस्थ जग्गा, मोही लागेको जग्गा, स्ववासी, वेनिस्सा, गाउँ ब्लक, कोदाली, आँकडा, विरौटा, उखडा समेतका जग्गामा भई घर क्षति भएका लाभग्राहीका हकमा निज बसोबासीसँग घरबास भएको जग्गाको भोग सम्बन्धी कुनै निस्सा, रसिद वा पुर्जी भए सो निस्सा, रसिद वा पुर्जीको आधारमा स्थानीय तहले गरिदिएको सिफारिश र त्यस्तो निस्सा रसिद वा पुर्जी नभएको अवस्थामा सोही व्यहोराको सिफारिश एवं क्षतिग्रस्त घरबास भएको जग्गाको कम्तिमा दुई जना संधियारहरुले घरवास भएको, भोगचलन गरेको हो भनी गरिदिएको सर्जमिन मुचुल्काका आधारमा त्यस्ता घरधनी लाभग्राहीसँग घर निर्माण अनुदान सम्झौता गर्न सकिने छ। तर यस्तो सम्झौतालाई जग्गा दर्ताको प्रमाणको रुपमा लिइने छैन। भूकम्प प्रभावित ३१ जिल्लामा हालै गठन भएका नयाँ नगरपालिकाहरुमा भूकम्प प्रभावित लाभग्राहीले निर्माण गर्ने निजी आवासको हकमा घरहरुको लम्बाई, चौडाई, उचाई, साइट प्लान, सडकको अधिकार क्षेत्रभित्र (**Right of way**) बाट दुरी लगायत विवरणहरु पेश गरी घर निर्माण स्वीकृतिका लागि दिइएको निवेदन न.पा. ले अभिलेखीकरण गरी निर्माण गर्न स्वीकृति दिने छ । यस सम्बन्धी अन्य व्यवस्था अनुसूची - ६ बमोजिम हुने छ" भन्ने व्यवस्था भएको व्यहोरा अवगत नै छ ।

कतिपय स्थानीय तहहरुमा भूकम्प पिडित लाभग्राहीहरुका नाममा घर निर्माण गर्न स्वीकृति नपाएको भन्ने बुझिन आएकोले उपरोक्तानुसारको अवस्थामा घर निर्माण स्वीकृतिको लागि दिईएको निवेदन स्थानीय तहले अभिलेखीकरण गरी घर निर्माण गर्न स्वीकृति प्रदान गरी भूकम्प पिडितहरुको निजी आवास पुनर्निर्माण कार्यमा सहयोग गरिदिनुहुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७५।०४।३० को निर्णयानुसार अनुरोध छ ।

साथै उक्त अनुसूची -१ को बुँदा नं १२ को प्रतिलिपि यसै पत्रसाथ संलग्न छ ।

प्रकाश थापा
सहसचिव